# मधुवन नगरपालिका


## मधुवन राजपत्र

खण्डः ७  संख्याः ३  प्रमाणीकरण मितिः २०८०/०९/२९

प्रकाशन मितिः २०८०/०९/२९

भागः १

मधुवन नगरपालिका


मधुवन नगरपालिकाको वातावरण संरक्षण ऐन,२०८०

## मधुवन नगरपालिका नगरसभाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा १०२ को उपदफा १ बमोजिम मधुवन नगरपालिकाको नगरसभाले मिति २०८०/०९/२५ मा जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ ।

**आज्ञाले,**

मान बहादुर गिरी

प्रमुख प्रशासकीय अधिकृत

# मधुवन नगरपालिकाको

# वातावरण संरक्षण ऐन, २०८०

प्रस्तावना : स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्न, जलवायु परिवर्तनको चुनौतीलाई सम्बोधन गर्न तथा पर्यावरणीय दीगो विकास कायम गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

मधुवन नगरपालिकाको १४औं नगर सभाले नेपालको संविधानको धारा २२६, वातावरण संरक्षण ऐन २०७६ को दफा ३ (ग) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम यो ऐन बनाएको छ ।

## परिच्छेद –१

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ (१) यस ऐनको नाम "मधुवन नगरपालिकाको वातावरण संरक्षण ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको दिनदेखी प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुकूलन" भन्नाले जलवायु परिवर्तनको सम्भाव्य असर र जोखिमको आँकलन गरी थप हानि नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ ।

(ख) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस, धुवाँ वा धुलो निष्कासन हुने कार्य सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले मधुवन नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "कोष" भन्नाले दफा ४३ बमोजिमको वातावरण संरक्षण कोष सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले मधुवन नगरपालिका सम्झनु पर्छ ।

(च) "जलवायु परिवर्तन" भन्नाले कम्तिमा तीस बर्षको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायुमा क्रमशः देखा पर्ने परिवर्तन सम्झनु पर्छ ।

मधुवन नगरपालिकाको वातावरण संरक्षण ऐन,२०८०

(छ) "जलवायु परिवर्तन व्यवस्थापन" भन्नाले जलवायु परिवर्तनको कारण उत्पन्न हुने समस्या न्यूनीकरण वा अनुकूलन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस सम्बन्धी नीति, रणनीति, संस्थागत संयन्त्र निर्माण, वित्त व्यवस्था, क्षमता अभिवृद्धि लगायतका समष्टिगत कार्यलाई समेत जनाउँछ ।

(ज) "जोखिमपूर्ण पदार्थ" भन्नाले जोखिमपूर्ण फोहरको सीमापार ओसारपसार, नियन्त्रण र विर्सजन सम्बन्धी बासेल महासन्धीमा सुचिकृत पदार्थ तथा मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्ने विष्फोटक, ज्वलनशील, चीरस्थायी तथा संक्षारक (कोरोसिभ) गुण भएका र पुनः प्रयोग नगरिएका कच्चा पदार्थबाट प्रशोधन भई पहिलो पटक प्रयोगमा आउन लागेका पदार्थ सम्झनु पर्छ ।

(झ) "जैविक विविधता" भन्नाले जीवहरुको भिन्नता, प्रकार र जम्मा संख्या तथा तिनीहरु बीचको अन्तरसम्वन्ध एवं प्राणी, वनस्पति तथा सुक्ष्म जीवाणुहरुमा पाइने विविधता र तिनीहरुको संयोजनलाई सम्झनु पर्छ र सो शव्दले आनुवंशिक विविधता (जेनेटिक डाइभर्सिटी), जातिय वा प्रजातिय वा प्रजातिगत (स्पेसिस डाइभर्सिटी) विविधता र पारिस्थितिक प्रणालीको विविधता (इकोसिष्टम डाइभर्सिटी) समेतलाई जनाउँछ ।

(ञ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ट) "दिगो उपयोग" भन्नाले वातावरण र वातावरणका अवयवहरुको उपयोगबाट वातावरण र वातावरणका अवयवहरु दीर्घकालिन रुपमा नघट्ने र पूर्ववत अवस्थामा रहन सक्ने तथा दीर्घकालिन रुपमा बर्तमान र भावी पुस्ताको आवश्यकता एवं आकांक्षा पूरा गर्न सक्ने क्षमता वा सीमा भित्र रही गरिने वा गरिएको तथा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा सघाउ पुग्ने गरी गरिने वा गरिएको सदुपयोग सम्झनु पर्छ ।

(ठ) "न्यूनीकरण" भन्नाले मानवीय क्रियाकलापको कारणबाट हुने हरितगृह ग्याँसको उत्सर्जनलाई घटाउने वा रोक्ने कार्य सम्झनु पर्छ ।

(ड) "निकाय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार र नगरपालिका सम्झनु पर्छ र सो शव्दले यी निकायका मन्त्रालय, विभाग, निर्देशनालय, महाशाखा, संस्थान, शाखा तथा इकाई समेतलाई जनाउँछ ।

(ढ) "प्रदूषण" भन्नाले फोहरमैला, रसायन, ताप, ध्वनी, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुरयाउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि पुरयाउने कार्य सम्झनु पर्छ ।

(ण) "प्रमुख" भन्नाले मधुवन नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(त) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले मधुवन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(थ) “प्रारम्भिक वातावरणीय परीक्षण” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनिय प्रतिकुल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुका साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(द) “परिषद” भन्नाले दफा ४६ बमोजिमको वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् सम्झनु पर्छ ।

(ध) “प्रस्ताव” भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भूउपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(न) “प्रस्तावक” भन्नाले प्रस्ताव स्वीकृतीको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृती प्राप्त व्यक्ति, संगठित संस्था वा सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय वा संस्था सम्झनु पर्छ ।

(प) “फोहोरमैला” भन्नाले वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धूवाँ, धुलो, विकिरणयुक्त पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तु सम्झनु पर्छ ।

(फ) “वातावरण” भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरु र ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनु पर्छ ।

(ब) “वातावरणीय अध्ययन प्रतिवेदन” भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(भ) “स्वस्थ वातावरण” भन्नाले पारिस्थितिक प्रणाली र तिनका अवयवहरु, पर्यावरणीय तथा मानव समुदायको चिरकालसम्म प्राकृतिक, भौतिक, अध्यात्मिक र मानसिक विकासका लागी तथा वातावरणकोलाभदायी वा उपयोगी प्रयोजनका लागी उपयुक्त वातावरण सम्झनु पर्छ ।

(म) “स्वच्छ वातावरण” भन्नाले गुणस्तरीय वायू, जल तथा उर्जा जसबाट मानव लगायत सम्पूर्ण जीव र वनस्पती स्वस्थ बाँच्न तथा रहन सक्ने गुण भएको तथा वातावरणका

विभिन्न अवयव वा तत्वहरु स्वास्थ्य, विविधता उत्पादकत्वको अभिबृद्धी तथा कायम सुनिश्चित हुनसक्ने वातावरण सम्झनु पर्छ ।

(य) “संक्षिप्त वातावरणीय अध्ययन” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ ।

## परिच्छेद - २

## स्वच्छ र स्वस्थ वातावरण संरक्षण सम्बन्धी व्यवस्था

३. **स्वच्छ र स्वस्थ वातावरणमा बाँच्ने हक हुने** : (१) प्रत्येक मधुवन नगरपालिकावासीलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउँने मौलिक हकको यस ऐन तथा प्रचलित कानून बमोजिम सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउँने मौलिक हकको सम्मान, संरक्षण, सम्वर्द्धन, कार्यान्वयन र परिपूर्ति गर्ने जिम्मेवारी पारस्परिक समन्वयमा नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका तथा संगठित संस्था र सम्बन्धित व्यक्तिको हुनेछ ।

(३) उपदफा (१) बमोजिमको हकको सम्मान, संरक्षण, सम्वर्द्धन, कार्यान्वयन र परिपूर्ति गर्न नगरपालिका तथा सम्बन्धित संघ संस्थाले नेपाल सरकार प्रदेश सरकार वा अन्तराष्ट्रिय संघ संस्थाबाट आवश्यक सहयोग प्राप्त गर्न वा साझेदारी गर्न सक्नेछन् ।

४. **स्वच्छ र स्वस्थ वातावरण कायम गर्नु पर्ने** : (१) वातावरण तथा वातावरणका अवयवहरुको संरक्षण र दिगो उपयोग गर्नु प्रत्येक व्यक्ति, संगठित संस्था, नगरपालिका र सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) कुनै व्यक्ति, संगठित संस्था, नगरपालिका वा निकायले वातावरण तथा वातावरणका अवयवहरुको उपयोग गर्दा वा कुनै काम कारोबार गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्न वा पार्न सक्ने गरी गर्न वा गराउन हुँदैन ।

(३) कुनै व्यक्ति, संगठित संस्था, र नगरपालिका वा निकायले ग्रामीण सिंचाई, बाँध, सडक लगायत अन्य भौतिक पुर्वाधार विकास निर्माणका कार्य गर्दा श्रममैत्री प्रविधि तथा उपकरणलाई प्राथमिकता दिने, भारी यन्त्र तथा उपकरणको प्रयोगलाई विज्ञ प्राविधिकको सल्लाह बमोजिम अति

मधुवन नगरपालिकाको वातावरण संरक्षण ऐन,२०८०

आवश्यक ठाँउमा मात्र सिमित गर्ने जस्ता वातावरणमैत्री अवधारणालाई अवलम्बन गरी दिगो तथा जलवायू समानुकुलित रुपमा मात्र भौतिक पुर्वाधार विकास निर्माणका कार्य गर्नु वा गराउनु पर्नेछ।

(४) कुनै व्यक्ति, संगठित संस्था, र नगरपालिका वा निकायले सिमसार, ताल तलैया, पानीको मुल, प्राकृतिक वा सांस्कृतिक सम्पदाको क्षेत्र, जैविक विविधता प्रचुर मात्रामा विद्यमान क्षेत्र, पर्यावरणिय क्षेत्र जस्ता संवेदनशिल वा वातावरणिय रुपमा नाजुक (fragile) क्षेत्रका वरपर वा आसपासमा भौतिक पुर्वाधार विकास निर्माणका योजना, आयोजना वा कलकारखाना स्थापना वा निर्माण गर्दा कम्तीमा एक हजार पाँच सय मिटर दुरीमा मात्र गर्नु वा गराउनु पर्नेछ।

(५) कुनै व्संगठित संस्था, नगरपालिका वा निकायले भौतिक पुर्वाधार विकास निर्माणका कार्य गर्दा सो को संवेदनशिलतालाई ध्यानमा राखी त्यस्तो भौतिक पुर्वाधार विकास निर्माण आयोजनाको कुल बजेटको कम्तीमा तीन प्रतिशत बजेट जैविक इन्जिनियरिङमा लगाउनु पर्नेछ।

(६) कुनै व्यक्ति, संगठित संस्था, नगरपालिका वा निकायले कुनै काम कारोबार वा क्रियाकलाप गर्दा उत्पन्न हुने ग्याँस, लेदो, धूवाँ, धुलो, ढल, विकिरणयुक्त पदार्थ, प्लाष्टिकजन्य पदार्थ वा अन्य फोहरमैला यथाशक्य कम उत्सर्जन वा निष्कासन गर्नु पर्नेछ र त्यस्तो काम कारोबार गर्दा उत्पन्न ग्याँस, लेदो, धूवाँ, धुलो, विकिरणयुक्त पदार्थ वा अन्य फोहरमैलाबाट निस्केको दूषित पानी, फोहरबाट निस्केको दूषित पानी रसाएर (लिचेट) जानसक्ने गरी वा ढल पानीको मुहान, नदी वा तालमा चुहावट, वा उत्सर्जन वा निष्कासन गरी वायु, जल, भू, ध्वनी वा दृश्य प्रदूषित गर्न वा गराउन हुदैन।

(७) कुनै व्यक्ति, संगठित संस्था, नगरपालिका वा निकायको घर, कार्यालय, उद्योग वा परिसरबाट निष्कासित भएका फोहरमैला जैविक र अजैविक, कुहिने, नकुहिने, शीशा, काँच वा प्लाष्टिकजन्य, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग गर्न मिल्ने वा नमिल्ने गरि स्रोतमै नछुट्याई वा घर परिसरबाट नछुट्याएर निष्कासन वा विसर्जन गर्न वा गराउन हुँदैन।

**५.** <u>पर्यावरणीय दिगो विकासका सिद्धान्तको पालना गर्नु पर्ने</u> : (१) प्रत्येक व्यक्ति, समूह, संगठित संस्था, निकाय वा नगरपालिकाले आफ्नो कुनै काम, कार्वाही, कारोबार गर्दा, वा आर्थिक वा भौतिक विकास सम्बन्धी निर्णय गर्दा पर्यावरणीय दिगो विकासका देहाय बमोजिमका सिद्धान्त अवलम्बन तथा पालना गर्नु वा गराउनु पर्नेछ :

(क) निर्णय प्रक्रिया, आर्थिक वा विकास योजना, कार्यक्रम र आयोजनाका सबै आयाममा वातावरणीय पक्ष तथा चासोको मुलप्रवाहिकरण गर्ने,

(ख) वातावरणमा गम्भिर वा अपरिर्वतनीय (irreversible) क्षतिको खतरा भएको अवस्थामा पुर्ण वैज्ञानिक निश्चितताको अभावलाई कारण वा आधार मानी वातावरणीय ह्रासको रोकथाम गर्न अपनाउनु पर्ने उपायहरु पछि नसार्ने वा स्थगन नगर्ने,

(ग) भावि पुस्ताको हितको लागि वातावरणको स्वास्थ्य, विविधता उत्पादकत्वको अभिबृद्धी तथा कायम सुनिश्चित गर्ने,

(घ) आर्थिक विकास र भौतिक विकास सम्बन्धी योजना, कार्यक्रम वा आयोजना लगायत निर्णय प्रकृयामा जैविक विविधता तथा पर्यावरणीय अखण्डतालाई ध्यानमा राख्ने,

(ङ) प्रदुषण वा फोहोरमैला उत्पादन, निष्काशन, उत्सर्जन वा विसर्जन गर्नेले प्रदुषण वा फोहोरमैलाको रोकथाम (कन्टेन्मेन्ट) वा बचाउ वा न्युन गर्ने,

(च) भौतकि पूर्वाधार निर्माण, विकास आयोजना वा आर्थिक विकास तथा उद्योग कलकारखाना वा अन्य परियोजनका सबै चरणमा वातावरणीय पक्ष र लागत (cost) आन्तरिकीकरण वा समावेश गर्ने ।

(२) नगरपालिका वा निकायले उपदफा (१) बमोजिमका पर्यावरणीय दिगो विकासका सिद्धान्त तथा नेपालले प्रतिवद्धता गरेको वातावरण संरक्षण तथा दिगो विकास लक्ष्य जस्ता सिद्धान्त वा लक्ष्य स्थानिय पाठ्यक्रममा समावेश गरी पठन पाठन गराउन सक्नेछ ।

६. <u>वातावरणीय स्रोतको दिगो उपयोग गर्नु पर्ने</u> : प्रत्येक व्यक्ती, संगठित संस्था वा नगरपालिकाले वातावरणीय स्रोतको दिगो उपयोग सुनिश्चित गर्न देहाय बमोजिम गर्नु वा गराउनु पर्नेछ :-

(क) वातावरणीय स्रोत तथा साधनहरुको गुणस्तर कायम राख्ने र निरन्तर प्रवाह वा आपुर्ती समेत सुनिश्चित गर्नका लागि वातावरणीय स्रोतहरुको संरक्षण, सुधार, पुर्नस्थापना र सुरक्षा गर्ने,

(ख) हावा, पानी, माटो, वनजंगल जस्ता वातावरणीय स्रोतहरु र विभिन्न पारिस्थितीकीय प्रणालीहरुको जिव धान्ने (life supporting) क्षमता अभिबृद्धी गर्ने,

(ग) वातावरणीय स्रोत र पारिस्थितिकीय कार्य, सेवा तथा बस्तुहरुले दिगो रुपमा वातावरणीय स्रोत र पारिस्थितिकीय सेवा र वस्तुहरु प्रदान गर्न सक्ने क्षमता कायम हुने गरी दिगो उपयोग गर्ने वा गराउने,

(घ) प्राकृतिक स्रोत, जैविक विविधता, र वातावरणीय स्रोत साधनहरुको स्वस्थता कायम राख्न त्यस्ता स्रोतको धान्न सक्ने तथा पुर्ननविकरण वा पूर्नउत्पादन हुन सक्ने क्षमता वा सिमा भित्र रही दिगो उपयोग गर्ने गराउने ।

७. <u>वातावारण संरक्षण योजना तर्जुमा गर्ने</u> : (१) वातावरणको संरक्षण, दीगो उपयोग तथा स्वच्छ र स्वस्थ वातावरण कायम गरी सोको संवर्द्धन तथा प्रवर्द्धन गर्ने उदेश्यले नगरपालिकाले वातावारण संरक्षण योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको वातावारण संरक्षण योजनामा देहाय बमोजिमका विषयबस्तु समावेश गनु पर्नेछ :-

मधुवन नगरपालिकाको वातावरण संरक्षण ऐन,२०८०

(क) नगरपालिकाको वातावरणको स्थिति (State of Environment) र अवस्थाको लेखाजोखा ,

(ख). नगरपालिकाको वातावरणको विगतमा भएको क्षती, वर्तमान र भविष्यमा हुन सक्ने क्षति वा ह्रासको जोखिमको  पहिचान तथा लेखाजोखा,

(ग). प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली र यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्धको संरक्षण तथा व्यवस्थापनका बिभिन्न पक्ष वा आयाम,

(घ). विभिन्न पर्यावरणीय समुदायका लागी अत्यावश्यक बासस्थानको संरक्षण,

(ङ). स्वच्छ र स्वस्थ वातावरण भावी सन्ततिलाई समेत उपलब्धता सुनिश्चित गर्नका लागी अपनाउनु पर्ने संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका उपाय,

(च). पर्यावरणीय कार्यहरु (इस्पेसिफिक इकोलोजिकल फङसन) र अन्य पर्यावरणीय अवयव (कन्डिसन) हरुको संरक्षण र सर्म्वद्धनका उपाय,

(छ). भौतिक विकास सम्बन्धी निर्णय प्रक्रियाहरुमा स्वच्छ र स्वस्थ वातावरण संरक्षणका दिर्घकालिन तथा अल्पकालिन आर्थिक, वातावरणीय, सामाजिक एवं समन्यायिक पक्षहरुको मूलप्रवाहीकरण,

(ज). वर्तमान पुस्ताले भावी सन्ततीको लाभका लागि वातावरणको स्वास्थ्य, विविधता र उत्पादकत्व कायम र अभिबृद्धि सुनिश्चित गर्न अपनाउनु पर्ने उपाय,

(झ). सरकारी, निजी क्षेत्र तथा सामुदायिक क्षेत्रबाट हुने क्रियाकलाप वा निर्णयले वातावरण  र पारिस्थितिकिय प्रणालीको विविधतामा पुऱ्याउन  सक्ने सम्भावित उल्लेखनीय क्षतिको न्यूनिकरणका पक्ष,

(ञ). प्रदुषणको रोकथाम तथा नियन्त्रणका बिभिन्न पक्ष वा आयाम,

(ट). वातावरण संरक्षण, संम्वर्द्धन, दीगो उपयोग र वातावरणीय स्रोतहरुको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणसँग सम्बन्धित परम्परागत र स्थानीय अभ्यास,

(ठ). नगरपालिकाको  वातावरणको स्थिति र अवस्थाको समय समयमा अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था,

(ड) परिषदले निर्धारण गरेका अन्य विषयवस्तुहरु ।.

## परिच्छेद - ३

## वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था

८. <u>वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने</u> : (१) प्रस्तावकले नगरपालिकाको अधिकारक्षेत्रसंग सम्बन्धित विकास निर्माण सम्बन्धि प्रस्ताव, कार्य, आयोजना वा तोकिए बमोजिमका विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिए बमोजिमका विकास निर्माण सम्बन्धी प्रस्ताव, कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिका लागि नगरपालिकाको वातावरण हेर्ने शाखा वा इकाई समक्ष पेश गर्नु पर्नेछ ।

(३) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावका बारेमा तोकिए बमोजिम सम्बन्धित सरोकारवालाहरुको बढी भन्दा बढी सहभागिता हुने गरी सार्वजनिक सुनुवाइ गर्नु पर्नेछ ।

(४) वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. <u>कार्य सूची स्वीकृत गराउनु पर्ने</u> : (१) प्रस्तावकले यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी प्रस्तावको हकमा कार्यसूची प्रमुख प्रशासकीय अधिकृतबाट र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यसूची कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसूची तयार गर्ने तथा स्वीकृत गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. <u>क्षेत्र निर्धारण गर्दा ध्यान दिनु पर्ने</u> : (१) प्रचलित कानून बमोजिम कुनै प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कनको अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व सम्बन्धित निकायबाट त्यस्तो प्रस्तावको क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्तावको निर्माण, स्थापना वा सञ्चालन नगरपालिकामा क्षेत्र भित्र हुने वा नगरपालिकाको कुनै एक वा सम्पूर्ण क्षेत्र सो प्रस्तावको कार्यान्वयनबाट प्रभावित क्षेत्रमा पर्ने भएमा त्यस्तो प्रस्तावको प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कनको अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व क्षेत्र निर्धारण र कार्यसूची तयार गर्दा कार्यपालिकासंग विशेष परामर्श तथा समन्वय गर्नु पर्नेछ ।

(३) प्रस्तावकले उपदफा (१) बमोजिम क्षेत्र निर्धारण र कार्यसूची तयार गर्दा नगरपालिकामा पूर्व सम्भाव्यता, सम्भाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन सहित अन्य आवश्यक लिखत कागजात प्रस्तुतिकरण गर्नु पर्नेछ तथा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुनसक्ने क्षेत्रमा पर्ने समुदायको मर्म र भावना नगरपालिकाले दिएको सुझाव वा प्रतिक्रिया समावेश र सम्बोधन गरी क्षेत्र निर्धारण र कार्यसूचीको परिमार्जन गरी सोही अनुरुप वातावरणीय प्रभाव मूल्याङ्कनको अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

११. <u>विकल्पको विस्तृत विश्लेषण गर्नु पर्ने</u> : (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरुको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने यथार्थ आधार र कारण सहित सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विभिन्न विकल्पहरुको विस्तृत विश्लेषण गर्दा प्रस्ताव वा आयोजनालाई पूर्ण रुपमा परित्याग गर्ने विकल्पलाई समेत विचार तथा लेखाजोखा गरी प्रतिकुल प्रभाव र फाइदाको तुलनात्मक अध्ययन समेत गरी विश्लेषण गरी प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन एवं दीर्घकालीन प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अवलम्बन गर्नु पर्ने विधि तथा प्रक्रिया समेत उल्लेख गर्नु पर्नेछ ।

१२. <u>विकल्पको विस्तृत खोजी गर्नु पर्ने</u> : (१) प्रस्तावकले दफा ११ बमोजिम विकल्पहरुको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने यथार्थ आधार र कारण सहित सिफारिस गर्नुपूर्व सो प्रस्तावका सम्बन्धमा देहाय बमोजिमका पक्षहरुको सम्बन्धमा विकल्पको खोजी गर्नु पर्नेछ :-

(क) स्तर,

(ख) प्रविधी,

(ग) स्थान (अवस्थिती),

(घ) इन्धन,

(ङ) कच्चा पदार्थ,

(च) डिजाइन,

(छ) सुरक्षात्मक उपायहरु,

(ज) समय तालिका,

(झ) आर्थिक पक्षहरु

१३. <u>वातावरणीय वहाव कायम गर्नु पर्ने</u> : (१) विद्युत, खानेपानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माण गर्ने प्रस्तावकले बाँध निर्माण र सञ्चालन गर्दा कर्णाली वा बबई नदीको तल्लो तटको जैविक विविधता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न नदिन सुख्खा याममा कर्णाली वा बबई नदीको प्रवाह वा वहावको कम्तीमा पच्चिस प्रतिशत न्यूनतम वातावरणीय वहाव (इनभायरोमेन्टल फ्लो) सुनिश्चित गर्नु पर्नेछ ।

मधुवन नगरपालिकाको वातावरण संरक्षण ऐन,२०८०

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भएतापनि  नदीका सहायक खोलामा  बाँध निर्माण र सञ्चालन गर्दा  भएतापनि  कर्णाली वा बबई खोलाका सहायक खोलाको तल्लो तटको जैविक विविधता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न नदिन सुख्खा याममा त्यस्ता सहायक खोलाको प्रवाह वा वहावको कम्तीमा  तिस प्रतिशत न्यूनतम वातावरणीय वहाव (इनभायरोमेन्टल फ्लो) सुनिश्चित गर्नु पर्नेछ।

१४. <u>जलचरको आवागमन सुनिश्चित गर्नु पर्ने</u> : (१)  विद्युत, खानेपानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माण गर्ने  प्रस्तावकले बाँध निर्माण वा सञ्चालन गर्दा जलचरको आवागमनमा बाँधा पर्न नदीनका लागि जलचर आवागमन संरचना (फिस प्यासेज) वा मत्स्य भऱ्याङ (फिस ल्याडर) निर्माण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जलचर आवागमन संरचना (फिस प्यसेज) वा मत्स्य भऱ्याङ निर्माण गर्न वैज्ञानिक तथा प्राविधिक रुपमा सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आसपासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्नेछ।

१५. <u>वातावरणीय व्यवस्थापन योजना</u> : (१)  प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नुअघि तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरुमध्ये कुनकुन उपायहरु आयोजना निर्माणको क्रममा र कुनकुन उपायहरु आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सो समेत उल्लेख गर्नु पर्नेछ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिम वातावरणीय व्यवस्थापन योजनामा उल्लेख गरेका वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरु प्रभावकारी भएको नदेखिएमा कार्यपालिकाले अन्य प्रभावकारी उपाय अवलम्बन गर्न आवश्यक निर्देशन दिनु पर्नेछ र त्यसरी कार्यपालिकाले दिएको निर्देशन कार्यान्वयन गर्दा लाग्ने खर्च सम्बन्धित प्रस्तावकले व्यहोर्नु पर्नेछ।

(४) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागी स्पष्ट कार्ययोजना बनाई सो बमोजिम कार्यान्वयन गर्नु पर्नेछ र सोको प्रगती विवरण आयोजना निर्माण वा कार्यान्वयन सुरु भएपछि प्रत्येक दुई महिनामा नगरपालिकाबाट समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको सम्बन्धमा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपाय अवलम्बन गर्दा प्रस्ताव कार्यान्वयन हुँदा प्रभावित हुने स्थानीय समुदाय मार्फत् कार्यक्रम सञ्चालन गर्ने कुरालाई प्राथमिकता दिनु पर्नेछ।

१६. <u>प्रस्ताव कार्यान्वयन गर्न नहुने</u> : कसैले पनि यस ऐन बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन नगरपालिकाबाटबाट स्वीकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउन हुँदैन ।

१७. <u>वातावरणीय अध्ययन प्रतिवेदन सार्वजनिक गर्ने</u> : (१) दफा ८ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा नगरपालिकाले सो प्रतिवेदनका सम्बन्धमा राय सुझाव दिनको लागि सर्वसाधारणले सो प्रतिवेदन आफैंले उतार गरी लैजान पाउने व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाल वातावरणीय अध्ययन प्रतिवेदनमा सर्वसाधारणले राय सुझाव दिनको लागि उक्त प्रतिवेदन प्राप्त हुने स्थान र समय समेत उल्लेख गरी कम्तिमा १५ दिने सुचना एफ.एम.रेडीयो, पत्रपत्रिका, सामाजिक सञ्जाल, सम्बन्धीत निकायको वेवसाइटमा प्रकाशन तथा नगरपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी र विद्ययालयहरुमा सुचना टाँस गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदनमा सर्वसाधारण वा संघसंस्थाले कुनै राय सुझाव दिएको भए सो र दफा १९ बमोजिम समिति गठन गरिएकोमा सो समितिले दिएको राय सुझाव समेतको आधारमा प्रस्तावकले त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन परिमार्जन गरी स्वीकृतिका लागी पुनः नगरपालिकामा पेश गर्नु पर्नेछ ।

१८. <u>मापदण्ड तथा गुणस्तर कायम गर्नु पर्ने</u> : (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकार, प्रदेश सरकार र कार्यपालिकाले निर्धारण गरेको मापदण्ड तथा गुणस्तर कायम हुने गरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड तथा गुणस्तर विपरीत वा त्यस्तो मापदण्ड पालना नगरी वा गुणस्तर कायम नगरी प्रतिवेदन पेश भएमा त्यस्तो प्रतिवेदन तयार गर्ने परामर्शदाताले कम्तिमा तीन वर्षदेखि सात वर्षसम्म वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न पाउने छैन ।

(३) उपदफा (२) बमोजिम तीन वर्षदेखि सात वर्षसम्म वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न नपाउने गरी प्रतिबन्ध लगाउनुपर्ने परामर्शदातालाई आवश्यक देखेमा आवश्यकता अनुसार नगरपालिकाले प्रतिबन्ध लगाउनुपुर्व सफाइ पेश गर्ने मौका दिन सक्नेछ ।

१९. <u>वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने</u> : (१) दफा ८ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा नगरपालिकाले सो उपर आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्तावकले पेश गरेको वातावरणीय अध्ययन प्रतिवेदन गुणस्तरीय भए नभएको, विकल्पको खोजी तथा लेखाजोखा उपयुक्त र पर्याप्त तवरले गरे वा नगरेको, सो अध्ययन प्रतिवेदनको आधारमा प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनिकरण गर्न सकिने वा नसकिने र वातावरणीय व्यवस्थापन योजनामा प्रतिकूल प्रभाव निराकरण वा

न्यूनिकरण गर्न समावेश भएका उपाय, कृयाकलाप तथा कार्यक्रमहरु पर्याप्त भए नभएको जस्ता विषयवस्तुका सम्बन्धमा जाँचबुझ गरी कार्यपालिकालाई राय सुझाव दिनको लागि कार्यपालिकाले सम्बन्धित विषय विज्ञ, प्रभावित स्थानिय समुदाय, स्थानिय सरोकारवाला, शैक्षिक संस्थाको प्रतिनिधि, तथा सम्बन्धित विषयगत समितिका प्रतिनिधि र महिला तथा अन्य सिमान्तकृत समुदायको प्रतिनिधित्व सहितको बढीमा एक संयोजक सहित एघार सदस्यीय एक समिति गठन गर्न सक्नेछ र कार्यपालिकाले वातावरणीय अध्ययन प्रतिवेदन तथा वातावरणीय व्यवस्थापन योजना स्वीकृत गर्दा समितिले दिएको राय सुझावलाई समेत ध्यानमा राख्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको सम्बन्धमा थप वातावरणीय अध्ययन गर्नु पर्ने देखिएमा कार्यपालिकाले प्रस्तावकलाई संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा पुनः अन्य विभिन्न पक्ष तथा आयामहरु र उपदफा (२) बमोजिमको समितिले दिएको राय सुझावलाई समेत समावेश गरी बढीमा नौ महिना भित्र अर्को प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयार गरी पेश गर्न गराउन आदेश दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरी सोको प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखिएमा कार्यपालिकाले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नु पर्ने शर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ।

तर वनक्षेत्र प्रयोग गर्नुपर्ने प्रस्ताव स्वीकृत गर्नुअघि नगरपालिका लुम्बिनी प्रदेशको वन हेर्ने मन्त्रालयको सहमती लिनुपर्ने छ।

(६) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्ने** : (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिना भित्र त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परिक्षण प्रतिवेदन अद्यावधिक रुपमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्तावकले तयार गरेको वातावरणीय परिक्षण प्रतिवेदन सो प्रतिवेदन तयार गरेको १५ दिन भित्र नगरपालिकामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्तावकले तयार गरेको वातावरणीय परिक्षण प्रतिवेदन वस्तुनिष्ठ वा गुणस्तरिय भए वा नभएको नगरपालिकाले लेखाजोखा तथा मुल्यांकन गरी वस्तुनिष्ठ वा गुणस्तरिय

नभएमा नगरपालिकाले स्वयं वातावरणीय परिक्षण प्रतिवेदन तयार गरी वा गराई अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम नगरपालिकाले वातावरणीय परिक्षण प्रतिवेदन तयार गरे वा गराएकोमा त्यस्तो वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्दा लागेको सम्पूर्ण खर्च सम्बन्धित प्रस्तावकले ब्यहोर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम वातावरणीय परिक्षण प्रतिवेदन सम्बन्धमा त्यसतो वातावरणीय परिक्षण प्रतिवेदन नगरपालिकामा पेश भएको बढीमा साठी दिन भित्र नगरपालिकाले आवश्यक अध्ययन गरी वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न प्रस्तावकलाई उपयुक्त आदेश दिनेछ ।

(६) उपदफा (५) बमोजिम कार्यपालिकाले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ ।

२१. <u>रोक लगाउन सक्ने</u> : (१) कसैले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनभन्दा विपरित हुने गरी आयोजना कार्यान्वयन गरेमा वा वातावरणीय व्यवस्थापन योजना सम्बन्धी कार्ययोजना उपयुक्त तवरले कार्यान्वयन नगरेमा कार्यपालिकाले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सो बापत क्षतिपूर्तिको दाबी गर्न पाउने छैन ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यान्वयनमा रोक लगाइएको आयोजनाको प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेमा वा वातावरणीय व्यवस्थापन योजना सम्बन्धी कार्ययोजना उपयुक्त तवरले पन्ध्र दिन भित्र कार्यान्वयन गर्ने लिखित रुपमा कागत गरेमा वा कार्यान्वयन गरेमा उपदफा (१) बमोजिम लगाइएको रोक कार्यपालिकाले फुकुवा गर्न सक्नेछ ।

२२. <u>नगरपालिका वातावरणीय अध्ययन गर्न सक्ने</u> : (१) नगरपालिको आफैले कुनै क्षेत्र वा स्थानको नक्साङ्कन गरी सो क्षेत्रको वातावरणीय अध्ययन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अध्ययनबाट प्राप्त विवरणको आधारमा नगरपालिकाले त्यस्तो क्षेत्रमा भविष्यमा सञ्चालन गर्न सकिने विकास निर्माणका कार्य वा आयोजना तथा त्यस्तो क्षेत्रमा सञ्चालन गर्न उपयुक्त नहुने कार्य सम्बन्धी विवरण तयार गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अध्ययनबाट प्राप्त विवरण लगायत वातावरणीय अध्ययन प्रतिवेदन तथा उपदफा (२) बमोजिमको विवरणको नगरपालिकाले अभिलेख राख्नु पर्नेछ ।

मधुवन नगरपालिकाको वातावरण संरक्षण ऐन,२०८०

(४) यस दफा बमोजिमको विवरण नगरपालिकाले सार्वजनिक गर्नु पर्नेछ र कुनै पनि प्रस्ताव पेश वा कार्यान्वयन गर्दा सम्बन्धित प्रस्तावक, निकाय वा सरोकारवाला पक्षले सो अनुरुप कार्य गर्नु पर्नेछ।

२३. <u>अनुगमन समिति गठन गर्नु पर्ने</u> : (१) कार्यपालिकाले यस ऐन बमोजिम नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारको वातावरण विषय हेर्ने वा कार्यपालिकाबाट स्वीकृति प्राप्त प्रस्तावको निर्माण, सञ्चालन वा कार्यान्वयन प्रारम्भ भएपछी वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिमका व्यवस्था तथा शर्तहरु पालना गरे वा नगरेको, वातावरणीय व्यवस्थापन योजनामा प्रतिकूल प्रभाव निराकरण, न्यूनिकरण गर्न समावेश भएका उपाय तथा कृयाकलाप कार्यान्वयन गरे वा नगरेको, वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गरेको अवस्थामा प्रतिकूल प्रभाव निराकरण वा न्यूनिकरण गर्न कार्यान्वयन गरेको उपाय तथा कृयाकलाप र कार्यक्रमहरु पर्याप्त भए नभएको जस्ता विषयवस्तुहरुको स्थलगत अनुगमन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्न एउटा अनुगमन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको संयुक्त अनुगमन समिति गठन गर्दा नगरपालिकाको उपप्रमुखको अध्यक्षतामा गठन गर्नु पर्ने छ र सो समितिमा नगरपालिकाको प्रस्ताव निर्माण, सञ्चालन वा कार्यान्वयन हुने क्षेत्रका वडा अध्यक्ष, वातावरण तथा विपद व्यवस्थापन समितिको प्रमुख वा सदस्य, विषयविज्ञ, बुद्धिजिवी, महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक र प्रस्ताव कार्यान्वयनबाट प्रभावित हुने समुदायको प्रतिनिधि समेत रहने गरी कम्तिमा एघार सदस्सीय अनुगमन समिति गठन गर्नु पर्नेछ। प्रमुख प्रशासकीय अधिकृतले समितिको सदस्य सचिवको कार्य गर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले कम्तिमा प्रत्येक तीन महिनामा एक पटक स्थलगत अनुगमन गर्नु पर्नेछ र त्यस्तो अनुगमनको सुझाव सहितको लिखित प्रतिवेदन नगरपालिकामा सात दिन भित्र पेश गर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन महिन भन्दा कम समयमा निर्माण, सञ्चालन वा कार्यान्वयन हुने प्रकृतिको प्रस्तावको सम्बन्धमा त्यस्तो प्रस्तावको निर्माण, सञ्चालन वा कार्यान्वयन हुदा समितिले कम्तिमा प्रत्येक महिनामा एक पटक स्थलगत अनुगमन गरी सो अनुगमनको सुझाव सहितको लिखित प्रतिवेदन नगरपालिकामा पाँच दिन भित्र पेश गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम प्राप्त अनुगमन प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गरी प्रस्तावकले स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन, वातावरणीय व्यवस्थापन योजना वा यस ऐन विपरित प्रस्तावको निर्माण, सञ्चालन वा कार्यान्वयन गरेको प्रतिवेदनबाट समेत देखिएमा वातावरणीय अध्ययन प्रतिवेदन, वातावरणीय व्यवस्थापन योजनाको अक्षरशः कार्यान्वयन गर्न, प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न र यस ऐन विपरित प्रस्तावको निर्माण, सञ्चालन वा कार्यान्वयन गरेकोमा सो तत्काल रोक्न प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम कार्यपालिकाले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ।

२४. **वडा स्तरिय संयुक्त अनुगमन समिति गठन गर्न सक्ने :** (१) दफा १९ बमोजिम कार्यपालिकाबाट नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारको वातावरण विषय हेर्ने मन्त्रालयबाट स्वीकृति प्राप्त प्रस्तावको निर्माण, सञ्चालन वा कार्यान्वयन प्रारम्भ भएपछी वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिमका व्यवस्था तथा शर्तहरु पालना गरे वा नगरेको, वातावरणीय व्यवस्थापन योजनामा प्रतिकूल प्रभाव निराकरण, न्यूनिकरण गर्न समावेश भएका उपाय तथा कृयाकलाप कार्यान्वयन गरे वा नगरेको, वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गरेको अवस्थामा प्रतिकूल प्रभाव निराकरण वा न्यूनिकरण गर्न कार्यान्वयन गरेको उपाय तथा कृयाकलाप र कार्यक्रमहरु पर्याप्त भए नभएको जस्ता विषयवस्तुहरुको स्थलगत अनुगमन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्न वार्ड समितिले वडा स्तरिय संयुक्त अनुगमन समिति गठन गर्न सक्नेछ ।

(२) नगरपालिकाको प्रमुखले उपदफा (१) बमोजिमको वडा स्तरिय संयुक्त अनुगमन समिति गठन गर्दा प्रस्ताव निर्माण, सञ्चालन वा कार्यान्वयन हुने क्षेत्रको वडा अध्यक्षको अध्यक्षतामा गठन गर्नु पर्ने छ र सो समितिमा प्रस्ताव निर्माण, सञ्चालन वा कार्यान्वयन हुने क्षेत्रका सबै वडा सदस्यहरु र सो वडाको कार्यपालिका सदस्य समेत भएको अवस्थामा कार्यपालिका सदस्य, विषयविज्ञ, स्थानिय शिक्षक, बुद्धिजिवी र महिला, दलित, आदिवासी जनजाति, तथा अल्पसंख्यक र प्रस्ताव कार्यान्वयनबाट प्रभावित हुने समुदायको प्रतिनिधि समेत रहने गरी कम्तिमा एघार सदस्सीय समिति गठन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको सदस्य सचिवको कार्य वडा सचिवले गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले कम्तिमा प्रत्येक दुई महिनामा एक पटक स्थलगत अनुगमन गर्नु पर्नेछ र त्यस्तो अनुगमनको सुझाव सहितको लिखित प्रतिवेदन नगरपालिकामा सात दिन भित्र पेश गर्नेछ ।

(५) उपदफा (४) बमोजिम वडा स्तरिय संयुक्त अनुगमन समितिले नगरपालिकामा पेश गरेको अनुगमनको सुझाव सहितको लिखित प्रतिवेदनको निचोड्, निश्कर्ष तथा सुझाव दफा २३ बमोजिमको अनुगमन समितिले बिशेष ध्यान दिनु तथा सम्बोधन गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम प्राप्त अनुगमन प्रतिवेदन कार्यपालिकाले कार्यपालिकाको बैठकमा पेश गरी प्रस्तावकले स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन, वातावरणीय व्यवस्थापन योजना वा यस ऐन विपरित प्रस्तावको निर्माण, सञ्चालन वा कार्यान्वयन गरेको प्रतिवेदनबाट समेत देखिएमा वातावरणीय अध्ययन प्रतिवेदन, वातावरणीय व्यवस्थापन योजनाको अक्षरशः कार्यान्वयन गर्न, प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न र यस ऐन विपरित प्रस्तावको निर्माण, सञ्चालन वा कार्यान्वयन गरेकोमा सो तत्काल रोक्न प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम कार्यपालिकाले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ ।

## परिच्छेद - ४

लुम्बिनी सांस्कृतिक नगरपालिकाको राजपत्र

## प्रदूषणको रोकथाम तथा नियन्त्रण

२५. **प्रदूषण गर्न नहुने** : कुनै व्यक्ति, संगठित संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने प्रदुषण वा फोहरमैला यथाशक्य कम उत्सर्जन, उत्पादन वा निष्कासन गर्नु पर्नेछ र फोहरमैला, तरल, ठोस, ग्याँस, लेदो, धूवाँ, धुलो, रसायन, ताप, ध्वनी, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणयुक्त पदार्थका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुरयाउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि पुरयाउने गरी प्रदूषण गर्न वा गराउन हुदैन ।

२६. **प्रदूषण को रोकथाम तथा नियन्त्रण** : (१) नगरपालिकाले स्थानिय राजपत्रमा सूचना प्रकाशन गरी कुनै सवारी साधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, होटेल, रेस्टुरेन्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदूषण वा जोखिमपूर्ण पदार्थ निष्कासन वा उत्सर्जनबाट हुने असर न्यूनीकरण वा निराकरण गर्नको लागि आवश्यक मापदण्ड निर्धारण गर्न सक्नेछ ।

(२) कसैले पनि जनजीवन, जनस्वास्थ्य तथा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण गर्न वा उपदफा (१) बमोजिम नगरपालिका, प्रदेश सरकार वा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरीतको कुनै काम गर्न वा गराउन हुदैन ।

(३) उपदफा (१) वा (२) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा प्रतिकूल प्रभाव पारेको देखिएमा नगरपालिकाले सम्बद्ध व्यक्ति, समूह वा संगठित संस्थालाई प्रदूषण न्यूनीकरण वा निराकरणको उपाय अवलम्बन गर्न निर्देशन दिन, आवश्यक शर्त तोक्न वा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(४) जनजीवन, जनस्वास्थ्य तथा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्न नदिनका लागि कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र प्लास्टिक जन्य झोला वा यस्तै फोहोर मैला वा प्रदूषण बढावा दिने वस्तु, चिजबिजको उत्पादन खरिद बिक्री वा उपभोगमा प्रतिबन्ध लगाउन सक्नेछ तथा दुना टपरी वा कागजका थैला बनाउने उद्योग जस्ता वातावरण मैत्री उद्योगलाई आर्थिक अनुदान वा अन्य सुविधा सहुलियत प्रदान गरी बढावा दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको दुना टपरी वा कागजका थैला बनाउने उद्योग जस्ता वातावरण मैत्री उद्योगलाई नगरपालिकाले आर्थिक अनुदान वा अन्य सुविधा सहुलियत प्रदान गर्दा त्यस्ता उद्योग महिला, अपाङ्ग वा अन्य सिमान्तकृत समुदायका सदस्य वा विपन्न वर्गले स्थापना तथा सञ्चालन गरेमा त्यस्ता महिला, अपाङ्ग वा अन्य सिमान्तकृत समुदायका सदस्य वा विपन्न वर्गका उद्यमीलाई प्राथमिकता दिनु पर्नेछ ।

(६) जनजीवन, जनस्वास्थ्य वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्न नदिनका लागि कार्यपालिकाले नगरपालिकाको सम्पूर्ण क्षेत्रभित्र वा नगरपालिकाको एक वा एकभन्दा बढी वडामा रासायनिक विषादीको उपयोगमा प्रतिबन्ध लगाई प्राङ्गारिक नगरपालिका वा वडा घोषणा गर्न सक्नेछ

र  नगरपालिकाले प्राङ्गारिक तथा जैविक मलको उत्पादन, व्यवस्थापन बिक्री, वितरणलाई बढावा दिन आर्थिक अनुदान वा अन्य सुविधा सहुलियत प्रदान गर्न सक्नेछ ।

(७) कुनै पदार्थ, इन्धन, औजार, यन्त्र वा उपकरणको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेमा वा पर्न सक्ने देखिएमा नगरपालिकाले आवश्यक कारबाहीको लागि कार्यपालिकाले लेखि पठाउन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम नगरपालिकाबाट लेखि आएमा कार्यपालिकाले सरोकारवाला निकाय वा अन्य सरोकारवालासँग आवश्यक परामर्श गरी त्यस्तो पदार्थ, इन्धन, औजार, यन्त्र वा उपकरणको प्रयोगमा वा त्यस्ता सामग्रीको उत्पादन, आयात, विक्री वितरण वा भण्डारणमा रोक लगाउन सक्नेछ र त्यसरी रोक लगाईएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

२७. <u>जोखिमपूर्ण पदार्थको निकासी तथा पैठारी</u> : (१) कुनै पनि किसिमका जोखिमपूर्ण पदार्थ नगरपालिका भित्र आयात गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित व्यक्ती वा प्रस्तावकले नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मानव स्वास्थ्य र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव नपार्ने कुनै खास किसिमको जोखिमपूर्ण पदार्थ नगरपालिकाभित्र आयात गर्न सक्नेछ ।

(३) यस ऐन वा प्रचलित कानून विपरीत आयात भएको जोखिमपूर्ण पदार्थ जुन प्रदेश वा मुलुकबाट आयात गरिएको हो सोही मुलुकमा फिर्ता पठाउनु पर्नेछ ।

२८. <u>जोखिमपूर्ण पदार्थको व्यवस्थापन</u> : (१) जोखिमपूर्ण पदार्थको व्यवस्थापन गर्ने जिम्मेवारी त्यस्तो जोखिमपूर्ण पदार्थ उत्पादन गर्ने व्यक्ति वा संगठित संस्थाको हुनेछ ।

(२) जोखिमपूर्ण पदार्थको सङ्कलन, भण्डारण, प्रशोधन, बिक्री वितरण, विसर्जन वा ओसारपसार गर्दा सम्बन्धित व्यक्ति वा संगठित संस्थाले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम जोखिमपूर्ण पदार्थको व्यवस्थापन गर्दा सम्बन्धित व्यक्ति वा संगठित संस्थाले आफ्नै खर्चमा गर्नु पर्नेछ ।

२९. <u>प्रदूषण रोकथाम वा नियन्त्रण आदेश दिन सक्ने :</u> (१) नगरपालिकालाई कुनै भवन, कलकारखाना वा उद्योग संचालनबाट प्रचलित कानुन वा यस ऐन विपरित फोहोर मैलाको निष्कासन, उत्सर्जन वा विर्सजन भैरहेको छ वा हुने सम्भावना छ वा जोखिमपुर्ण पदार्थको व्यवस्थापन उपयुक्त तरिकाले हुन नसकि वातावरणमा प्रतिकुल प्रभाव पारेको वा पर्न सक्ने सम्भावना भएको भन्ने लागेमा त्यस्तो व्यक्ती वा संगठित संस्थालाई नगरपालिकाले  प्रदूषण रोकथाम वा नियन्त्रण गर्नका लागि अवलम्बन गर्नु पर्ने उपायहरु तोकी प्रदूषण रोकथाम तथा नियन्त्रण आदेश दिनेछ ।

(२) उपदफा (१) बमोजिमको आदेशमा देहाय बमोजिमका उपायहरु समावेश गर्नु पर्नेछ :-

(क) प्रतिकुल वातावरिणय प्रभाव तत्काल रोकथाम गर्न, नियन्त्रण गर्न, घटाउन, न्युन गर्न वा उपचार (प्रशोधन) गर्न,

(ख) प्रदूषण वा फोहोरमैलाको उर्त्सजन, निष्कासन वा विर्सजन निर्मुल गर्न, नियन्त्रण गर्न वा घटाउन आवश्यक औजार, मेसिन वा संयन्त्र जडान गर्न, फेर्न, बदल्न वा सुधार गर्न,

(ग) फोहोरमैला वा प्रदूषण पुर्णतया हटाउन, मेट्न वा निर्मुल गर्न आवश्यक कार्य गर्न,

(घ) पारिस्थितिक प्रणालीको वातावरणीय सेवा प्रदान गर्ने क्षमतामा अभिबृद्धि गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न,

(ङ) वातावरणलाई प्रदूषण वा फोहोरमैला उर्त्सजन, निष्कासन वा विर्सजन हुनु पुर्वको अवस्थामा ल्याउनका लागि पुर्नस्थापना गर्न ।

(३) उपदफा (१) बमोजिमको प्रदूषण रोकथाम आदेश जारी भएको व्यक्ती वा संगठित संस्थाले सो आदेशको पालना सो आदेश जारी भएको मिति देखी गर्नु पर्नेछ । सम्बन्धित व्यक्ती वा संगठित संस्थाले सो आदेशको पालना नगरेमा निजलाई यस ऐन र यस ऐन अर्न्तगत बनेको नियमावली अर्न्तगत सजाय हुनुका साथसाथै नगरपालिकाले प्रदूषणको रोकथाम तथा नियन्त्रण गर्न गरेको काम कारबाही बापत भएको खर्च त्यस्तो व्यक्ती वा संस्थाबाट सरकारी बाँकी सरह असुल उपर गर्ने गराउने वा भराउने छ ।

३०. <u>वातावरण निरीक्षक</u> : (१) दफा १९ बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको सम्बन्धमा, प्रदुषणको रोकथाम तथा नियन्त्रण गरे नगरेको, प्रदुषण नियन्त्रण र वातावरण संरक्षण सम्बन्धी मापदण्ड वा प्रदूषण रोकथाम तथा नियन्त्रण आदेशको परिपालना भए नभएको जस्ता विषयवस्तुका सम्बन्धमा तथा अन्य कामहरु प्रभावकारी रुपले गर्न गराउन वातावरण निरीक्षकले अनुगमन तथा निरीक्षण गर्ने छ ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षणसम्बन्धी कामहरु प्रभावकारी रुपले गर्न गराउन नगरपालिकाले प्रकृया पूरा गरी कम्तीमा स्नातक तह उर्त्तिण अधिकृत छैटौं स्तरको व्यक्तिलाई वातावरण निरीक्षक नियुक्त गर्न वा वातावरण निरीक्षक नियुक्त हुने समयसम्मका लागी त्यस्तो निरीक्षकको काम गर्ने गरी कम्तिमा प्राविधिक सहायक पाँचौं तहको कुनै कर्मचारीलाई तोक्न वा खटाउन सक्नेछ ।

(३) वातावरण निरीक्षक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. <u>वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार</u> : (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत जोखिमपूर्ण पदार्थ निष्काशन गरे, नगरेको वा प्रदूषण गरे, नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदुषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

ग) प्रस्ताव कार्यान्वयन गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएको शर्त बमोजिम काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

घ) दफा १९, २१, २३ वा २६ बमोजिम रोक लगाइएको विषयको वा दफा २९ बमोजिमको प्रदुषण रोकथाम आदेशको पालना भए नभएको निरीक्षण गर्ने ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संगठित संस्था वा प्रस्तावकलाई पूर्वसूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेसिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ ।

(४) यस दफा बमोजिम वातावरण निरीक्षक निरीक्षण गर्न जाँदा कुनै व्यक्ति वा संगठित संस्थाले निरीक्षण गर्न नदिएमा, निजले मागेको विवरण वा जानकारी नदिएमा, झुट्टा विवरण दिएमा, निरीक्षणको क्रममा बाधा विरोध उत्पन्न गरेमा वा निरीक्षणमा सहयोग नगरेमा त्यस्तो व्यक्ति वा संस्थालाई वातावरण निरिक्षकले तत्काल देहाय बमोजिमको जरिवाना गर्न सक्नेछः-

क) निरीक्षण गर्न नदिएमा वा निरीक्षणमा बाधा विरोध उत्पन्न गरेमा कम्तिमा चार हजार रुपैयाँदेखी बीस हजार रुपैयाँसम्म,

ख) निरीक्षणको क्रममा मागेका विवरण वा जानकारी नदिएमा वा झुट्टा विवरण दिएमा वा निरीक्षणमा सहयोग नगरेमा तत्काल कम्तिमा तीन हजार रुपैयाँदेखी पन्ध्र हजार रुपैयाँसम्म ।

(५) उपदफा (४) बमोजिम वातावरण निरिक्षकले गरेको सजाय उपर चित्त नबुझ्ने पक्षले उक्त सजायको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम भएको जाँचबुझ तथा निरीक्षणको प्रतिवेदन निरीक्षकले नगरपालिका तथा सम्बन्धित शाखा समक्ष पेश गर्नु पर्नेछ ।

(७) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

मधुवन नगरपालिकाको प्रमाणित प्रति संख्या २०८०

३२. **नमुना संकलन गर्न दिनुपर्ने** : कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निष्काशन हने वा हुन सक्ने प्रदुषण, ध्वनी, ताप वा फोहरमैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नका लागि सम्बन्धित व्यक्ति वा संगठित संस्थाले नगरपालिकाबाट अधिकारप्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ ।

## परिच्छेद - ५

## जलवायु परिवर्तन सम्बन्धी व्यवस्था

३३.**जानकारी उपलब्ध गराउनु पर्ने** : (१) नगरपालिकाले जलवायु परिवर्तनबाट स्थानीय समुदाय, पारिस्थितिकीय प्रणाली तथा जैविक विविधतामा परेको प्रतिकूल असर तथा जोखिमको विषयमा तोकिए बमोजिम आवधिक रुपमा संकटासन्नताको लेखाजोखा अध्ययन गरी विवरण सार्वजनिक गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको अध्ययनको आधारमा नगरपालिकाबाट कार्यान्वयन भई रहेको वा भविष्यमा कार्यान्वयन गरिने भूउपयोग योजना वा कार्यक्रम, जिविकोपार्जन कार्यक्रम, अनुकुलन कार्ययोजना तथा कार्यक्रम, समानुकुलन वा उत्थानशीलता कार्यक्रम वा जलवायुजन्य विपद व्यवस्थापन कार्य, तथा विकास आयोजना तजुर्मा गर्दा जलवायु परिवर्तनबाट हुने प्रतिकूल असर वा जोखिम न्यूनीकरणका लागि अवलम्बन गर्नु पर्ने उपाय सम्बन्धी आवश्यक जानकारी नगरपालिका समय-समयमा सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको अध्ययनको आधारमा नगरपालिकाबाट कार्यान्वयन भइ रहेको वा भविष्यमा कार्यान्वयन गरिने कार्यक्रम वा योजना तर्जुमा तथा कार्यान्वयन गर्दा नगरपालिकाले संकटासन्न क्षेत्र, एकल महिला, अपाङ्ग, दलित, आदिवासी जनजाती तथा विपन्न वर्गका घरधुरीलाई प्राथमिकता दिनु पर्नेछ ।

(४) नगरपालिकाबाट तर्जुमा तथा कार्यान्वयन हुने नीति, योजना र निर्णय प्रक्रियामा जलवायु परिवर्तनका विभिन्न पक्ष तथा आयामलाई मूलप्रवाहिकरण गर्नु पर्नेछ ।

३४. **अनुकूलन योजना बनाउन सक्ने** : (१) जलवायु परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्नका लागि स्थानीय स्तरमा नगरपालिका अनुकूलन योजना तर्जुमा तथा कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुकूलन योजना नगरपालिका बनाउँदा जलवायु परिवर्तनको असरबाट बढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदाय र जलवायु परिवर्तनबाट बढी जोखिममा परेका भौगोलिक क्षेत्रका बासिन्दालाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

(३) स्थानीय समुदायले स्थानीयस्तरमा अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछन् र त्यस्तो योजना कार्यान्वयन गर्दा सम्बन्धित निकायले आवश्यक सहयोग र सहजीकरण गर्नु पर्नेछ ।

३५. **न्यूनीकरण योजना बनाउन सक्ने** : (१) जलवायु परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्नका लागि स्थानीय स्तरमा नगरपालिका न्यूनीकरण योजना तर्जुमा तथा कार्यान्वयन गर्न सक्नेछ।

(२) न्यूनीकरणका लागी नगरपालिका आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

३६. **जलवायु परिवर्तनबाट हुने असर तथा जोखिमको व्यवस्थापन** : (१) नगरपालिकाले जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि नगरपालिका तथा अन्य सार्वजनिक निकाय र निजी क्षेत्रबाट नगरपालिका क्षेत्रभित्र कार्यान्वयन गरिने क्षेत्रगत नीति, रणनीति वा कार्ययोजनामा जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिम न्यूनीकरणको लागि अवलम्बन गर्नु पर्ने उपायका सम्बन्धमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) नगरपालिकाले जलवायु परिवर्तनको असरको आधारमा अत्यधिक रुपमा प्रभावित क्षेत्र किटान गरी अनुदान वा क्षतीपूर्तिको व्यवस्था तथा वैकल्पिक जिवन यापनको व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद - ६

## राष्ट्रिय सम्पदाको संरक्षण तथा वातावरण संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

३७. **वातावरण संरक्षण क्षेत्र सम्बन्धी विशेष व्यवस्था** : (१) कार्यपालिकाले वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा वा सौन्दर्यपरक स्थल, जैविक विविधता, वनस्पत्ति, वा ऐतिहासिक वा सांस्कृतिक महत्वका स्थल वा वातावरणीय दृष्टीले संवेदनशील क्षेत्र लाई स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन, सहरी योजना वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा सरोकारवाला निकायसँगको समन्वयमा कार्यपालिकाले कुनै क्षेत्र विशेषको वातावरण संरक्षण गर्ने उद्देश्यले त्यस्तो क्षेत्रलाई खुला वा हरियाली क्षेत्र तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम कायम गरिएको वातावरण संरक्षण क्षेत्र वा उपदफा (२) बमोजिम तोकिएको खुला वा हरियाली क्षेत्र भित्र तोकिए बमोजिमको वातावरणमा असर पर्ने कुनै काम गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(४) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भूस्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा प्रतिकूल असर परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा कार्यपालिकाले त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टीले संवेदनशील क्षेत्र तोकी वातावरणीय सन्तुलन, व्यवस्थापन वा वातावरणीय पुर्नस्थानपनाको लागि कुनै उपयुक्त आदेश जारी गर्न सक्नेछ।

(५) कार्यपालिकाले नगरपालिका क्षेत्रभित्रको कुनै हानिकारक वा जोखिमयुक्त पदार्थ वा फोहरमैला भण्डारण वा विसर्जन गरिएको स्थान वा अन्य कारणले अत्यधिक वातावरण प्रदूषण भएको स्थानलाई प्रदूषणयुक्त क्षेत्र तोकी सर्वसाधारणको आवतजावतमा रोक लगाउन सक्नेछ।

(६) उपदफा (४) वा (५) बमोजिमको स्थानमा वातावरणीय दृष्टिले सुधार भएमा त्यस्तो क्षेत्रलाई संवेदनशील क्षेत्र वा प्रदूषणजन्य क्षेत्रबाट हटाउन सक्नेछ।

(७) नगरपालिकाले  वातावरण संरक्षणको लागि यस दफा बमोजिम कायम गरिएको वा तोकिएको क्षेत्रको व्यवस्थापनमा स्थानीय समुदायलाई सहभागी गराउन सक्नेछ।

**स्पस्टिकरण** : यस दफा र दफा  ५० को प्रयोजनको लागि "स्थानीय समुदाय" भन्नाले त्यस्तो क्षेत्र भित्र वा सोको वरपर बसोबास गर्ने समुदाय सम्झनु पर्छ।

(८) उपदफा (७) बमोजिम व्यवस्थापन गरिएको क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभमा स्थानीय समुदायलाई तोकिए बमोजिम सहभागी गराउनु पर्नेछ।

३८. **जलाधार वा उपजलाधारको संरक्षण तथा व्यवस्थापन गर्नु पर्ने** : (१) नगरपालिकाले  पर्यावरणीय, जैविक, पारिस्थितिकीय र सांस्कृतिक रुपले महत्वपूर्ण, संबेदनशिल वा जोखिमयुक्त अवस्थामा रहेका जलाधार वा उपजलाधार क्षेत्रहरुको प्राथमिकताका साथ संरक्षण, सवर्द्धन तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले  जलाधार वा उपजलाधारको व्यवस्थापन  गर्दा जलाधार क्षेत्रको स्वास्थ्य र स्रोतको विषय विज्ञ समेतको संलग्नतमा अध्ययन अनुसन्धान गरी सो को आधारमा कार्ययोजना बनाई व्यवस्थापन गर्नेछ।

३९. **जलाधार वा उपजलाधार संरक्षण क्षेत्र तोक्न सक्ने** : (१) नगरपालिकाले  भू तथा जलाधार, वा पर्यावरणीय, पारिस्थितिकीय र सांस्कृतिक रुपले महत्वपूर्ण, संबेदनशिल वा जोखिमयुक्त जलाधार वा उपजलाधार वा संरक्षणका दृष्टिले  महत्वपूर्ण थलिय वा जलिया जैविक विविधताको प्रचुरता भएको क्षेत्र, महत्वपूर्ण प्रजातिका वन, वनस्पति, त्यस्ता प्रजाति वा आनुवाशिंक स्रोत विद्यमान भएको भू तथा जलाधार, वा पर्यावरणीय, पारिस्थितिकीय क्षेत्र र पर्यावरणीय समुदायको सुरक्षा गर्न वा ऐतिहासिक तथा सांस्कृतिक महत्वका भू तथा जलाधार, वा जलीय स्थलहरु भएको नगरपालिकाको क्षेत्र भित्रको कुनै भू तथा जलाधार, वा पर्यावरणीय, पारिस्थितिकीय  क्षेत्रलाई कार्यपालिकाले त्यसको चारकिल्ला समेत खुलाएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गरी संरक्षित जलाधार वा उपजलाधार क्षेत्र घोषित गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले एकपटक घोषित गरेको संरक्षित जलाधार वा उपजलाधार क्षेत्रको  स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी सिमाना हेरफेर वा परित्याग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम कार्यपालिकाले घोषित गरेको संरक्षित जलाधार वा उपजलाधार क्षेत्रको  संरक्षण, सवर्द्धन तथा व्यवस्थापन गर्न कार्यपालिकाले विशेष योजना वा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्नु पर्नेछ ।

मधुवन नगरपालिकाको वातावरण संरक्षण ऐन, २०८०

(४) उपदफा (१) बमोजिम कार्यपालिकाले घोषित गरेको संरक्षित जलाधार वा उपजलाधार क्षेत्रको संरक्षण, सवर्द्धन तथा व्यवस्थापनका लागि स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी पूर्वाधार निर्माण वा अन्य विकासका कार्य गर्न नहुने गरी प्रतिबन्धित गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कार्यपालिकाले संरक्षित जलाधार वा उपजलाधार क्षेत्रको संरक्षण, सवर्द्धन तथा व्यवस्थापनका लागि स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्धित गरेका कार्यहरु कुनै पनि व्यक्ति, संस्था, नगरपालिका वा निकायले गर्न गराउन हुदैन ।

४०. **जलाधारको व्यवस्थापनका लागि गर्न सकिने कार्य** : नगरपालिकाले जालाधार वा उपजलाधार क्षेत्रमा जलाधारको उपयुक्त व्यवस्थापनका लागि देहाय बमोजिम कार्यहरु गर्न गराउन सक्नेछ :-

(क) परीक्षण स्थल (ट्रायल प्लट) हरुको व्यवस्था गर्ने तथा त्यसको स्याहार संभार गर्ने,

(ख) वृक्षारोपण गर्ने, डालेघाँस, जडिबुटी तथा फलफूलको खेती गर्ने, घाँस, झारपात वा अन्य वनस्पति लगाउने र त्यसको स्याहार सम्भार गर्ने तथा हुर्काउने,

(ग) नदी कटान हुन सक्ने वा भएका जग्गाहरु, पहिरो जान सक्ने जग्गाहरु र भिराला पाखाहरुमा रहेका वन जंगल, घाँस, अम्रिसो, उखु, निगालो, बाँस तथा अन्य प्राकृतिक वनस्पतिको संरक्षण गर्ने जस्ता जैविक प्रविधि (बायोइन्जिनियरिङ्ग) का माध्यम अवलम्बन गरी त्यसको स्याहार सम्भार गर्ने तथा सम्बर्द्धन गर्ने,

(घ) रोकथाम वा नियन्त्रण गर्ने बाँध (ड्याम), जैविक रुपमा गल्छी नियन्त्रण (चेकडेम), जैविक तटबन्ध (इम्बाङ्कमेण्ट), गरा सुधार (टेरेस इम्प्रूभमेण्ट), कूलो, सहायक कूलो वा ढल (डाइभर्सन च्यानल), टेवा दिने पर्खाल (रिटेनिंगवाल), पोखरी र यस्तै अन्य आवश्यक बनौटको निर्माण गर्ने तथा त्यसको स्याहार संभार गर्ने,

(ङ) माटोको उर्वरा शक्ति र पानी तथा वातावरणको स्वच्छता सन्तुलित रुपमा कायम बनाई राख्ने,

(च) परम्परागत पोखरी, आहाल, धारा पँधेरा, इनार, कुवा, कुलो, कुलेसा तथा पानीका मुहानहरुको संरक्षण गर्ने, खुल्ला चरीचरण बन्द गर्ने र जल पुर्नभरण पोखरीहरु निमार्ण गर्ने,

(छ) जलाधार वा उपजलाधार व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन गर्ने,

(ज) जलाधार वा उपजलाधारलाई संरक्षण र सम्बर्द्धन गरी वातावरणीय सेवा अभिवृद्धि गर्ने सम्बन्धित समुदायका लागि वातावरणीय सेवा बापतको भुक्तानी कार्यक्रम,

(झ) नगरपालिकाले तोकिदिएका भू तथा जलाधार संरक्षण सम्बन्धी अन्य कार्यहरु गर्ने ।

४१. **नदी संरक्षण सम्बन्धी व्यवस्था** : (१) कसैले पनि नदीको वहाव परिवर्तन वा भू-स्खलन वा अत्यधिक गहिराई वा अत्यधिक दोहन हुनेगरी नदीजन्य पदार्थ उत्खनन् वा संकलन गर्न गराउन हुदैन ।

(२) नगरपालिकाले नदीजन्य पदार्थको अत्यधिक दोहन रोक्न र अत्यधिक दोहनबाट वातावरणमा पर्न सक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि स्थानिय राजपत्रमा सूचना प्रकाशित गरी कुनै नदीको भाग वा सम्पूर्ण भागबाट निश्चित अवधिभरी नदीजन्य पदार्थ उत्खनन् वा संकलन गर्न नपाउने गरी रोक लगाउन सक्नेछ र त्यस्तो सूचनाको म्याद थपघट गर्न समेत सक्नेछ ।

४२. **वातावरण संरक्षण शुल्क लगाउन सक्ने** : (१) कार्यपालिकाले वातावरणमा जथाभावी तरिकाले फोहरमैला विसर्जन वा निष्कासन, प्लास्टिकको झोलाको प्रयोग, मदिरा जन्य पदार्थमा प्रयोग गरिने बोतल, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा औषधिजन्य फोहरमैलाको जथाभावी विसर्जन वा हरितगृह ग्याँस उत्सर्जन र अन्य प्रदुषणलाई निरुत्साहित गर्न तोकिए बमोजिम वातावरण संरक्षण शुल्क लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको वातावरण शुल्क लगाउदा प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नुपर्ने र वातावरण संरक्षणमा पूर्वसावधानी जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन र पालना समेत हुने गरी वातावरण संरक्षण शुल्क लगाउनु पर्नेछ ।

(२) उपदफा (१) र (२) बमोजिमको वातावरण शुल्क लगाउदा महिला, एकल महिला, अपाङ्ग वा अन्य सिमांकृत घरधुरी तथा विपन्न घरधुरीलाई आंशिक वा पूर्ण छुट दिन सक्नेछ ।

४३. **कोषको स्थापना र सञ्चालन** : (१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलवायु परिवर्तन व्यवस्थापन, राष्ट्रिय सम्पदाको संरक्षणका लागि वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन कोष नामको एउटा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछ :

(क) नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार वा नगरपालिकाबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति वा सङ्घ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तराष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम,

(ग) वातावरण संरक्षण शुल्कबाट प्राप्त रकम,

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको लेखापरीक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

४४. **वातावरण संरक्षण कोष सञ्चालक समितिको गठन** : (१) कोषको व्यवस्थापन, सञ्चालन र रेखदेख गर्नको लागि देहाय बमोजिमको वातावरण संरक्षण कोष सञ्चालक समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | नगरपालिकाको प्रमुख | अध्यक्ष |
| (ख) | नगरपालिकाको उप- प्रमुख | सदस्य |

मधुवन नगरपालिकाको वातावरण व्यवस्थापन ऐन, २०८०

| | | |
|---|---|---|
| (ग) | वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक | सदस्य |
| (घ) | वडा अध्यक्षहरु मध्येबाट कार्यपालिकाले समावेशी रुपमा तोकेको दईजना वडा अध्यक्ष | सदस्य |
| (ङ) | कार्यपालिकाले तोकेको कार्यपालिकाका दईजना महिला सदस्य | सदस्य |
| (च) | वातावरण संरक्षणको क्षेत्रमा नगरपालिका क्षेत्रभित्र काम गर्ने संस्थाका प्रतिनिधिहरु मध्येबाट एक जना | सदस्य |
| (छ) | विज्ञान वा वातावरण व्यवस्थापनका शिक्षकहरुमध्ये अध्यक्षबाट मनोनित एकजना महिला सहित दइजना | सदस्य |
| (ज) | वातावरण तथा जलवायको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरुमध्ये सामाजिक समावेशीताका आधारमा अध्यक्षबाट मनोनित दई जना | सदस्य |
| (झ) | प्रमख, शिक्षा शाखा | सदस्य |
| (ञ) | प्रमख, वातावरण शाखा | सदस्य |
| (ट) | प्रमख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

(२) उपनियम (१) को खण्ड (च), (छ), र (ज) बमोजिम मनोनयन हने सदस्यको पदावधि दई वर्षको हुनेछ ।

(३) उपनियम (१) को खण्ड (च) बमोजिम मनोनयन हने सदस्यको संस्थाले नीज सञ्चालक समितिमा सदस्य रहदासम्म प्रस्ताव पेस गर्न वा कनै किसिमबाट कोषबाट अनदान सहयोग लिन पाउने छैन ।

(४) उपनियम (१) को खण्ड (च), (छ), र (ज) बमोजिम मनोनयन भएको सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा कार्यपालिकाले निजलाई जनसकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउन अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिन पर्नेछ ।

(५) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४५. <u>कोषको उपयोग</u> : (१) कोषमा जम्मा भएको रकम स्वच्छ र स्वस्थ वातावरणको संरक्षण र प्रवर्द्धन, प्रदषणको रोकथाम तथा नियन्त्रण, जलाधार वा उपजलाधारको व्यवस्थापन, नदीको संरक्षण र राष्ट्रिय सम्पदाको संरक्षणसँग सम्बन्धित विषयमा र देहायका काम वा कार्यक्रम सञ्चालन गर्न प्रभावकारी भमिका खेल्न सक्ने संस्थालाई प्रतिस्पर्धात्मक प्रस्तावको आव्हन तथा स्वच्छ मल्यांकनको आधारमा

मधुवन नगरपालिकाको वातावरण संरक्षण ऐन, २०८०

सबैभन्दा प्रतिस्पर्धी र उत्तम प्रस्ताव ठहर भएको संस्थाको प्रस्तावलाई आवश्यक वित्तीय, भौतिक र प्राविधिक सहयोग उपलब्ध गराउन संचालक समितिले निर्णय गरे बमोजिम खर्च गरिनेछ :-

(क) वातावरणीय स्रोत तथा साधनहरुको गणस्तर कायम राख्ने र निरन्तर प्रवाह वा आपर्ती समेत सनिश्चित गर्नका लागि वातावरणीय स्रोतहरुको संरक्षण, सधार, पर्नस्थापना र सरक्षा गर्ने वा गराउने,

(ख) स्वच्छ र स्वस्थ वातावरण भावी सन्ततिलाई समेत उपलब्धता सनिश्चित गर्नका लागी अपनाउन पर्ने संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका कार्यक्रमको कार्यान्वयन गर्ने वा गराउने,

(ग) वातावरणीय स्रोत तथा पारिस्थितीकिय प्रणालीहरुको जिव धान्ने (life supporting) क्षमता अभिबृद्धी गर्ने वा गराउने,

(घ) स्वच्छ र स्वस्थ वातावरणको संरक्षण तथा प्रवर्द्धन, जलाधार वा उपजलाधार व्यवस्थापन, प्रदषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षण सम्बन्धमा नियमित कार्यक्रममा नपरेको योजना तर्जमा तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(ङ) वडा समितिले निर्णय गरी बाढी पहिरो वा अन्य वातावरणिय जोखिमबाट वातावरण तथा नगरपालिकाका निवासीहरुको जिविकोपार्जनमा परेको नकरात्मक असरहरुको न्य'निकरण, रोकथाम तथा नियन्त्रण गर्ने वा गराउने कार्य, ,

(च) फोहरमैलाको प्रयोग, पनः प्रयोग, पनः चक्रीय प्रयोग वा प्रशोधन गर्ने वा गराउने,

(छ) प्राकृतिक स्रोतमा आधारित दुना टपरी, कागजका थैला बनाउने उद्योग जस्ता उद्योगलाई बढावा दिने,

(ज) वातावरणीय ह्रास, जैविक विविधताको नास, प्रदुषणका कारणहरु जस्ता बिषय वस्तुको दीगो समाधान पत्ता लगाउन आवश्यक अध्ययन अनुसन्धान गरी पत्ता लागेका सम्भाव्य तथा उपयुक्त समाधानको कार्यान्वयन,

(झ) वातावरण संरक्षण, संम्वर्द्धन, दीगो उपयोग र वातावरणीय स्रोतहरुको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणसँग सम्बन्धित परम्परागत र स्थानीय अभ्यासको संम्वर्द्धन गर्ने वा गराउने, र

(ञ) कोषको रकम खर्च गरिने अन्य विषयवस्तुहरु तोकिए बमोजिम हुनेछ ।

मधुवन नगरपालिकाको वातावरण संरक्षण ऐन, २०८०

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम संचालक समितिले उपयोग गर्दा प्रस्तावको आव्हन गरी स्वच्छ मूल्यांकनको आधारमा सबैभन्दा प्रतिस्पर्धी र उत्तम प्रस्ताव ठहर भएको संस्थाको प्रस्तावलाई मात्र संचालक समितिले प्रतिस्पर्धाका आधारमा मात्र आवश्यक वित्तीय, भौतिक र प्राविधिक सहयोग उपलब्ध गराउन  सक्नेछ ।

४६. <u>परिषद् गठन गर्न सक्ने</u> : (१) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यलाई स्थानिय स्तरमा प्रभावकारी रुपमा सञ्चालन गर्न नगरपालिका प्रमुखको अध्यक्षतामा एक वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहायका अध्यक्ष तथा सदस्य रहनेछ :

| | |
|---|---|
| (क) नगरपालिका प्रमुख | - अध्यक्ष |
| (क) नगरपालिका उप-प्रमुख | - उपाध्यक्ष |
| (ख) वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक | - सदस्य |
| (ग) वडा अध्यक्षहरु मध्येबाट कार्यपालिकाले तोकेका  चार जना वडा अध्यक्ष | - सदस्य |
| (घ) कार्यपालिकाले तोकेको कार्यपालिकाका दुईजना महिला सदस्य | - सदस्य |
| (ङ) वातावरण संरक्षणको क्षेत्रमा नगरपालिका क्षेत्रभित्र काम गर्ने संस्थाका प्रतिनिधिहरु मध्येबाट कम्तिमा एक महिला सहित अध्यक्षबाट मनोनित दुई जना | - सदस्य |
| (च) विज्ञान वा वातावरण व्यवस्थापनका शिक्षकहरुमध्ये अध्यक्षबाट मनोनीत एकजना महिला सहित दुइजना | - सदस्य |
| (छ) वातावरण तथा जलवायुको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरुमध्ये एक जना महिला तथा सामाजिक समावेशीताका आधारमा अध्यक्षबाट मनोनीत तीनजना | - सदस्य |
| (ज) उद्योग वाणिज्य सङ्घ अध्यक्ष | - सदस्य |
| (झ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य-सचिव |

(३)  उपदफा (१) को खण्ड (ङ), (च) र (छ) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(४) नगरपालिकाले  परिषद्को सचिवालयको रुपमा काम गर्नेछ ।

मधुवन नगरपालिकाको वातावरण संरक्षण ऐन, २०८०

४७. <u>परिषद्को बैठक</u> : (१) परिषदको बैठक वर्षमा कम्तीमा दुई पटक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी परिषद्को बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा कम्तीमा बहत्तर घण्टा अगाडि सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ ।

तर आकस्मिक रुपमा तत्काल परिषद्को बैठक बोलाउन आवश्यक भएमा परिषद्को अध्यक्षले चौबीस  घण्टा अगाडी परिषद्को बैठक बोलाउन सक्नेछ र यसरी बैठक बोलाइएकोमा परिषद्को सदस्य सचिवले सोको सूचना यथाशीघ्र सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ ।

(३) कुल सदस्य संख्याको बहुमत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा परिषद्को उपाध्यक्षले गर्नेछ ।

(५) परिषद्को निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) परिषद्को निर्णय परिषद्को सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४८. <u>परिषद्ले आवश्यक समितिहरु गठन गर्न सक्ने</u> : (१) परिषद्ले यस ऐन अर्न्तगत आफ्नो काम कर्तव्यहरु दक्षता पूर्वक सम्पादन गर्न वडा स्तरमा आवश्यक समितिहरु गठन गर्न सक्नेछ ।

(२) समितिका सदस्यहरुको नियुक्ति, बैठक तथा अन्य विषयबस्तुहरु परिषद्ले तोके बमोजिम हुनेछ ।

४९. <u>परिषद्को काम, कर्तव्य र अधिकार</u> : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दीर्घकालीन नीति, योजना तथा कार्यक्रममा स्वस्थ तथा स्वच्छ वातावरण र जलवायु परिवर्तन सम्बन्धी विषयलाई एकीकृत रुपमा समावेश गर्दै लैजान नगरपालिका तथा अन्य निकायलाई आवश्यकता अनुसार निर्देशन दिने,

(ख) प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र राष्ट्रिय सम्पदा संरक्षणको लागि स्थानीय  प्रणालीको विकासको लागि नीति तय गर्ने,

(ग) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यमा नगरपालिकालाई आवश्यक नीतिगत मार्गदर्शन गर्ने,

(घ) वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवसथापन लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था गर्ने र सोको लागि सहजीकरण गर्ने,

(ङ) प्राकृतिक, सांस्कृतिक र भौतिक संशाधन तथा सम्पदाको उपयोग, व्यवस्थापन, विकास तथा संरक्षणको लागि नगरपालिकालाई मार्गदर्शन गर्ने,

(च) नीति, योजना तथा कार्यक्रममा वातावरणको दिगो उपयोग, वातावरण संरचनामा पूर्व सावधानीको सिद्धान्त, निर्णय प्रक्रियामा वातावरणीय पक्ष तथा चासोको मुलप्रवाहिकरण, वातावरण प्रर्दुषण गर्नेलाई सो वापत दायित्व व्यहोर्नु पर्ने र अन्तरपुस्ता तथा वर्तमान पुस्ता भित्रमा समन्याय जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त समावेश गरी कार्यान्वयन तथा पालना गर्ने गराउने

(छ) संवेदनशील भू तथा जलाधार, वा पर्यावरणीय, पारिस्थितिकीय क्षेत्र वा संरक्षित जलाधार वा उपजलाधार क्षेत्रको व्यवस्थापन सम्बन्धी योजना, त्यस्ता कार्यक्रम तर्जुमा तथा कार्यान्वयनको सहजिकरण,

(ज) जलवायु परिवर्तन, दिगो विकासको लक्ष्य तथा विपद व्यवस्थापनका बिषयलाई समन्वय र एकिकृत रुपमा सम्बोधन गर्नका लागि आवश्यक पर्ने नीति, रणनीति, योजना, कार्यक्रम, परियोजनाको तर्जुमा तथा कार्यान्वयनको सहजिकरण तथा नेतृत्व गर्ने,

(झ) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी नीति, योजना, वा कार्यक्रमहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सुनिश्चित गर्ने वा गराउने,

(ञ) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यको मूल्याङ्कन गर्ने,

(ट) वातावरण संरक्षण, प्रदुषणको रोकथाम तथा नियन्त्रण र तथा जलवायु परिवर्तन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

## परिच्छेद - ७

## जरिवाना तथा क्षतिपूर्ति

५०. **जरिवाना** : (१) कसैले देहायको कार्य गरे वा गराएमा प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिम जरिवाना गर्नेछ :-

(क) वातावरणीय स्रोत तथा साधनहरुको गुणस्तर कायम राख्ने र निरन्तर प्रवाह वा आपुर्ती समेत सुनिश्चित गर्नका लागि वातावरणीय स्रोतहरुको संरक्षण, सुधार, पुर्नस्थापना र सुरक्षा नगरेमा वा वातावरणीय स्रोत तथा साधनहरुको अत्यधिक दोहन वा अदिगो रुपमा उपयोग वा दोहन गरेमा सो कसूर गर्ने व्यक्ती

महाभारत नगरपालिकाको वातावरण संरक्षण ऐन, २०८०

विशेषको हकमा पहिलो पटक दुई सय रुपैंया, दोश्रो पटक तिन सय रुपैया, तेश्रो पटक चार सय रुपैया र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि एक हजार रुपैयाँका दरले र सो कसुर कुनै उद्योग, व्यवसाय, कम्पनी, कलकारखाना वा अन्य संगठित संघ संस्थाले गरेमा पहिलो पटक एक हजार रुपैया, दोश्रो पटक दूई हजार रुपैया, तेश्रो पटक चार हजार रुपैया र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दश हजार रुपैयाँका दरले,

(ख) कुनै व्यक्ति, संगठित संस्था वा निकायले कुनै काम कारोबार गर्दा प्रदुषण वा फोहरमैला यथाशक्य कम उत्सर्जन, उत्पादन वा निष्कासन नगरेमा र फोहरमैला, तरल, ठोस, ग्याँस, लेदो, धूवाँ, धुलो, रसायन, ताप, ध्वनी, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणयुक्त पदार्थ उत्सर्जन, उत्पादन वा निष्कासन गरी वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याएमा, क्षति पुऱ्याएमा वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि पुऱ्याई प्रदूषण गर्ने व्यक्ती विशेषको हकमा पहिलो पटक एक सय रुपैया, दोश्रो पटक दूई सय रुपैंया, तेश्रो पटक तीन सय रुपैया र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पाँच सय रुपैयाँका दरले र सो कसुर कुनै उद्योग, व्यवसाय, कम्पनी, कलकारखाना वा अन्य संगठित संघ संस्थाले गरेमा पहिलो पटक दुई सय रुपैया, दोश्रो पटक चार सय रुपैया, तेश्रो पटक आठ सय रुपैया र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दुई हजार रुपैयाँका दरले,

(ग) कुनै व्यक्ति, संगठित संस्था, नगरपालिका वा निकायको घर वा परिसरबाट निष्कासित भएका फोहरमैला जैविक र अजैविक, कुहिने, नकुहिने, शीशा, काँच वा प्लाष्टिकजन्य, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग गर्न मिल्ने वा नमिल्ने गरी स्रोतमै नछुट्याई घर परिसर बाट नछुट्याएर निष्कासन वा विसर्जन व्यक्ती विशेषले गरेमा पहिलो पटक बीस रुपैंया, दोश्रो पटक पचास रुपैया, तेश्रो पटक एक सय रुपैया र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि एक सय पचास रुपैयाँका दरले र सो कसुर कुनै उद्योग, व्यवसाय, कम्पनी, कलकारखाना वा अन्य संगठित संघ संस्थाले गरेमा पहिलो पटक एक सय रुपैया, दोश्रो पटक दूई सय रुपैया, तेश्रो पटक चार सय रुपैया र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि आठ सय रुपैयाँका दरले,

मधुवन नगरपालिका वातावरण संरक्षण ऐन,२०८०

(घ) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा कम्तिमा एक लाख रुपैयादेखि पाँच लाख रुपैयाँसम्म,

(ङ) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा कम्तिमा तीन लाख रुपैयादेखि दश लाख रुपैयाँसम्म,

(च) कर्णाली वा बबई नदीमा विद्युत, खानेपानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि प्रस्तावकले बाँध निर्माण वा सञ्चालन गर्दा सुख्खा याममा प्रस्तावकले कर्णाली वा बबई नदीको प्रवाह वा वहावको कम्तीमा पचिस प्रतिशत न्यूनतम वातावरणीय वहाव सुनिश्चित वा कायम नगरेमा  पहिलो पटक पचास हजार, दोश्रो पटक एक लाख, तेश्रो पटक तिन लाख, चौथो पटक छ लाख जरिबानाका साथै तल्लो तटमा बसोबास गर्ने समुदायको नोक्सानी वापत क्षतिपूर्ति स्वरुप पटकै पिच्छे हुने जरिवाना बराबरको रकम क्षतिपुर्ति असुल गर्ने र पाँचौ पटक समेत सो कसुर गरेमा उद्योगको अनुमति पत्र वा कम्पनीको दर्ता खारेज गर्न प्रदेश र संघीय सरकारसँग पहल गर्ने ।

(छ) कर्णाली वा बबई नदीका सहायक खोलामा बाँध निर्माण वा सञ्चालन गर्दा प्रस्तावकले सुख्खा याममा त्यस्ता खोलाको प्रवाह वा वहावको कम्तीमा तीस प्रतिशत न्यूनतम वातावरणीय वहाव सुनिश्चित वा  कायम नगरेमा  पहिलो पटक पच्चिस हजार दोश्रो पटक पचास हजार, तेश्रो पटक एक लाख, चौथो पटक दुई लाख, पाँचौ पटक तिन लाख रुपैयाँ जरिवानाका साथै तल्लो तटमा बसोबास गर्ने समुदायको नोक्सानी वापत क्षतिपुर्ति स्वरुप पटकै पिच्छे हुने जरिवाना बराबरको रकम क्षतिपुर्ति असुल गर्ने र पाँचौ पटक समेत सो कसुर गरेमा उद्योगको अनुमति पत्र वा कम्पनीको दर्ता खारेज गर्न प्रदेश र संघीय सरकारसँग पहल गर्ने ।

(ज) विद्युत, खानेपानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माण गर्ने प्रस्तावकले बाँध निर्माण वा सञ्चालन गर्दा जलचरको आवागमनमा बाँधा पर्न नदीनका लागि जलचर आवागमन संरचना (फिस प्यासेज) वा मत्स्य भऱ्याङ (फिस ल्याडर) निर्माण नगरेमा  वा जलचर आवागमन संरचना (फिस प्यसेज) वा मत्स्य भऱ्याङ निर्माण गर्न वैज्ञानिक तथा प्राविधिक रुपमा सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आसपासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था नगरेमा बाँध निर्माण गर्ने निकायले नेपाल सरकारसँग अनुमति लिई बाँध निर्माण गरेको

अवस्थामा नेपाल सरकारसँग र लुम्बिनी प्रदेश सरकारबाट अनुमति प्राप्त गरी बाँध निर्माण गरेको भए लुम्बिनी प्रदेश सरकारसँग कार्यपालिकाले सो बाँध निर्माण गर्ने निकायलाई मत्स्य भ्याङ निर्माण गर्न वा ह्याचरी वा जलचर नर्सरीको निर्माण गरी सञ्चालन गर्न गराउन पत्राचार गर्ने ।

(झ) अनुमति बिना वा अनुमतिमा उल्लेख भए भन्दा बढी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, सङ्कलन, निष्काकासन वा बिक्री वितरण गरेमा शो को बजार मूल्यको पहिलो पटक दोब्बर, दोस्रो पटक तेब्बर र तेस्रो पटक १ लाख रुपैयाँ, चौथोपटक २ लाख रुपैयाँ र पाँचौं पटक पनि ढुङ्गा गिट्टी बालुवा उत्खनन सङ्कलन निकासन वा बिक्री वितरण गरेमाढुङ्गा गिट्टी बालुवा वा सो ढुवानी गर्न उपयोग गरेको बाहन पनि जफत गर्ने ।

(ञ) प्रदुषण रोकथाम आदेश जारी भएको व्यक्ती वा संगठित संस्थाले सो आदेशको पालना नगरेमा निजलाई कम्तिमा तीन लाख रुपैयादेखि पाँच लाख रुपैयाँसम्म जरिबाना गरी सो प्रदुषणबाट भएको क्षति बापत पीडित व्यक्ती वा परिवारहरुलाई मुनासिब क्षतिपूर्ति भराइदिने तथा त्यस्तो प्रदुषणले गरेको विनासलाई ठीक गरी .पुरानो अवस्थामा ल्याउन पुर्नस्थापनाका कार्य तथा कार्यक्रमको सञ्चालन गर्न लगाउने ।

(ट) कार्यपालिकाले संरक्षित जलाधार वा उपजलाधार क्षेत्रको संरक्षण, सवर्द्धन तथा व्यवस्थापनका लागि स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्धित गरेका कार्यको पालना नगरेमा पहिलो पटक पाँच हजार रुपैया, दोश्रो पटक दस हजाररुपैया, तेश्रो पटक विस हजार रुपैया र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पचास हजार रुपैयाँका दरले ।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा नगरपालिकाले त्यस्तो कार्य तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन विपरितको कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संगठित संघ संस्थाको कर्तव्य हुनेछ । यसरी दिएको आदेश बमोजिम कार्य नभएमा नगरपालिकाले उपदफा (१) बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना गर्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरितका कुनै कार्य गरेमा नगरपालिकाले त्यस्तो कार्य गर्न बन्देज लगाई पच्चिस हजार रुपैयादेखि तीन लाख रुपैयाँसम्म जरिबाना गरी दुई महिनाभित्र यो ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ ।

यसरी दिएको आदेश बमोजिम कार्य नभएमा यस उपदफा बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना लाग्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम दिएको आदेश बमोजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा संगठित संघ संस्थालाई कालोसूचीमा राख्ने सम्बन्धमा आवश्यक कारवाही गर्न नगरपालिकाले सिफारिस सहित कार्यपालिकामा पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सिफारिस भई आएमा कार्यपालिकाले आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिब देखेमा त्यस्तो व्यक्ति वा संस्थालाई एक वर्षदेखि पाँच वर्षसम्म कालोसूचीमा राख्नु पर्नेछ ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिकाले दिएको आदेश कार्यान्वयन नभएको विषयमा  नगरपालिकाले  आवश्यक जाँचबुझ गरी उपदफा (५) बमोजिमको कारबाही गर्नेछ ।

(७) उपदफा (५) बमोजिम कुनै निकायलाई कालोसूचीमा राखिएकोमा त्यस्तो व्यक्ति वा संगठित संस्थाले कालो सूचीमा राखिएको अवधिभर आफ्नो नाममा वा त्यस्तो व्यक्ति वा संगठित संघ संस्थासँग सम्बन्धित जुनसुकै नाममा कुनै पनि प्रस्ताव पेश गर्न सक्ने छैन ।

(८) यस दफा बमोजिमको जरिबाना गर्नुअघि जरिबाना गर्न लागिएको व्यक्ति वा संगठित संघ संगठित संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम नगरपालिकाले  कुनै व्यक्ति वा संस्थालाई कालोसूचीमा राखेमा त्यस्तो व्यक्ति वा संगठित संघ संस्थाको पुरा नाम, स्थायी तथा अस्थायी ठेगाना, मुख्य पदाधिकारीको नाम ठेगाना, कालो सुचीमा राख्नु परेको कारण लगायत अन्य आवश्यक विवरण खुलाई सो सम्बन्धी जानकारी लुम्बिनी  प्रदेश भित्रका सम्पुर्ण स्थानीय तहमा पठाउनु पर्नेछ ।

**५१. <u>निवेदन दिन सक्ने</u>** : (१) कसैले यस ऐन विपरित संक्षिप्त वातावरणीय अध्ययन, वा  प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरीत हुने कार्य गरेमा वा गर्न लागेमा जोसुकैले पनि सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरित प्रदुषण गरेको वा जोखिमपूर्ण पदार्थ निस्काशन गरेको वा कुनै दुर्घटनाजन्य प्रदुषणका कारणबाट कुनै व्यक्ति, संस्था वा स्थानीय समुदायलाई कुनै हानि नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति, संस्था वा स्थानीय समुदायले आफूलाई पुग्न गएको क्षति बापत नगरपालिका समक्ष क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम परेको निवेदनका सम्बन्धमा नगरपालिकाले  छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी

पुर्‍याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडित व्यक्ति, संस्था वा स्थाानीय समुदायलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(४) नगरपालिकाका निकाय वा नगरपालिकाको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्न प्रदेश सरकारले मनोनयन गरेका तीनजना विज्ञ रहेको समिति गठन हुनेछ र सो समितिको सिफारिसको आधारमा उपदफा (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५२. <u>पुनरावेदन</u>** : (१) दफा ५० बमोजिम भएको जरिबाना उपर चित्त नबुझ्ने पक्षले नगरपालिका वा नगरपालिकाका अन्य निकाय वा अधिकारीबाट भएको जरिबाना उपर बर्दिया जिल्ला अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ५१ बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैतीस दिनभित्र बर्दिया जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद - ८

## विविध

**५३. <u>पारिस्थितिकीय सेवा वापतको भुक्तानी सम्बन्धि व्यवस्था गर्न सक्ने</u>** : (१) नगरपालिकाले पारिस्थितिकीय सेवाको व्यवस्थापन र उपयोग वापतको भुक्तानी सम्बन्धि नीति, आयोजना, परियोजना तथा स्किमको तर्जुमा तथा कार्यान्वयन गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पारिस्थितिकीय सेवाको व्यवस्थापन वापतको भुक्तानी सम्बन्धि नीति, आयोजना, परियोजना तथा स्किमको तर्जुमा तथा कार्यान्वयन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५४. <u>अनुगमन तथा निरीक्षण गर्ने</u>** : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा नगरपालिका अनुगमन तथा निरिक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५५. <u>आदेश जारी गर्न सक्ने</u>** : (१) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षणका दृष्टिले पूर्व सावधानी अपनाउनु पर्ने विषयका सम्बन्धमा आवश्यक आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश उल्लङ्घन गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले कम्तिमा पच्चिस हजारदेखी एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

**५६. <u>पुरस्कार सम्बन्धी व्यवस्था</u>** : पानीको स्रोत, मूल वा मुहानको संरक्षण, र फोहोरमैला, जलस्रोत, जलाधार वा उपजलाधार, पारिस्थितिकीय प्रणालीको व्यवस्थापन तथा समुदायको उत्थानशिलता जस्ता क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

**५७. <u>अधिकार प्रत्यायोजन</u>** : नगरपालिकाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कुनै निकाय, शाखा, वा वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**५८. <u>प्रचलित कानून बमोजिम हुने</u>** : यस ऐनमा लेखिएको कुरामा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**५९. <u>नियम बनाउने अधिकार</u>** : यो ऐन कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

**६०. <u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने</u>** : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**६१. <u>खारेजी र बचाउ</u>** : (१) मधुवन नगरपालिकाको “वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७” खारेज गरिएको छ ।

(२) मधुवन नगरपालिकाको “वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७” बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

मधुवन नगरपालिकाको वातावरण संरक्षण ऐन २०८०